# पाठ ४१

१. परमेश्वर किन मानिसहरूसँग सधैं बोलिरहनुहुन्छ ?
- ताकी तिनीहरू बाँचून् ।

२. योना किन निनवे शहरमा जाऊन् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ?
- किनभने परमेश्वर निनवेका मानिसहरूलाई प्रेम गर्नुहुन्थ्यो ।
- किनभने परमेश्वर निनवेका मानिसहरूलाई बचाउन चाहनुहुन्थ्यो ।

३. योना किन भागे ?
- योना भागे किनभने तिनी निनवे शहर जान चाहदैनथे ।

४. योना किन निनवे शहर जान चाहदैनथे ?
- किनभने निनवेका मानिसहरू धेरै दुष्ट थिए ।
- किनभने निनवेका मानिसहरू इज्रेलीहरूका शत्रु थिए ।
- किनभने योजना परमेश्वरले निनवेका मानिसहरूलाई बचाएको चाहदैनथे ।

५. के योना परमेश्वरबाट भाग्न सके ?
- सकेनन् ।

६. के योना परमेश्वरबाट लुक्न सके ?
- सकेनन् ।

७. के योना परमेश्वरबाट फुत्किन सके ?
- सकेनन् ।

८. जब योनाले परमेश्वरले भनेको नमानेर निनवे गएनन् तब परमेश्वरले के गर्नुभयो ?
- परमेश्वरले योनालाई निल्नको लागि एउटा ठूला माछा पठाउनुभयो ।

९. योना ठूलो माछाको पेटमा कति दिनसम्म परे ?
- तीन रात र तीन दिनसम्म ।

१०. के योना माछाको पटेमा पर्दा आफूलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

११. योनालाई माछाको पेटभित्र कसले मात्रै बचाउन सक्थ्यो ?
- परमेश्वरले ।

१२. कसरी अरू सबै मानिसहरू योनाजस्तै छन् ?

- योनाले माछाको पेटभित्र पर्दा आफूलाई बचाउन नसकेजस्तै अरू मानिसहरूले पनि आफूले आफैलाई पाप, मृत्यु र शैतानबाट बचाउन सक्दैनन् ।
- योनालाई बचाउन परमेश्वरले मात्रै सक्नुभएजस्तै अरू सबै मानिसहरूलाई बचाउन परमेश्वरमात्रै सक्षम हुनुहुन्छ ।

१३. योनाले परमेश्वरको आज्ञा नमानेर उहाँ विरुद्ध आफूले पाप गरेको छु भनी स्वीकार गरेपछि परमेश्वरले के गर्नुभयो ?
- परमेश्वरले ठूलो माछाको पेटबाट योनालाई सुखा भूमिमा ओकल्न लगाउनुभयो ।

१४. परमेश्वरले योनालाई जोगाइसकेपछि के उहाँले योनालाई अब तिनी निनवे जानुपर्दैन भन्नुभयो ?
- भन्नुभएन ।
- परमेश्वर बदलिनुहुन्न ।
- परमेश्वर कहिल्यै बदलिनुहन्न ।
- परमेश्वर अझै पनि योना निनवे जाऊन् भन्ने चाहनुहुन्थ्यो ।

१५. के निनवेका निवासीहरूले योनाले तिनीहरूलाई सुनाएको परमेश्वरको सन्देशमा विश्वास गरे ?
- गरे ।

१६. परमेश्वरले उहाँको सन्देश अरू मानिसहरूलाई सुन्नाउन छान्नुभएका ती सन्देशवाहकहरू के कहलाइन्थे ?
- अगमवक्ता ।

१७. अगमवक्ताहरूले मानिसहरूलाई के भने ?
- पापको बाटो त्याग्न र परमेश्वरको मार्ग अवलम्बन गर्न भने ।

१८. यदि तिनीहरूले पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किएनन् भने इज्रेलका दश कुलमाथि के हुनेवाला थियो ?
- परमेश्वरले अस्सुरियनहरूलाई इज्रेलका दश कुल हान्न पठाउनुहुने थियो र इज्रेलीहरूलाई तिनीहरूले दास बनाउनेवाला थिए ।

१९. यदि तिनीहरूले पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किएनन् भने यहूदाका दुई कुलमाथि के हुनेवाला थियो ?

- परमेश्वरले बेबिलोनीहरूलाई इज्रेलका दश कुल हान्न पठाउनुहुने थियो र इज्रेलीहरूलाई तिनीहरूले दास बनाउनेवाला थिए ।

- परमेश्वरले उद्धारकर्ता पठाउँछु भन्नुभएको धेरै वर्ष बितिसकेको थियो तर के परमेश्वरले उहाँको प्रतिज्ञा बिर्सनुभयो ?
- बिर्सनुभएन ।

- परमेश्वरले आदम र हव्वासँग उद्धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग उद्धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले मोसा र इज्रेलीहरूसँग उद्धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले राजा दाऊद र सोलोमनसँग उद्धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले  उद्धारकर्ता पठाउनेछु भनी गर्नुभएको प्रतिज्ञा भुल्नुभएको थिएन ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेका थिएनन् तर के परमेश्वर अब उद्धारकर्ता नपठाउने भनी मन बदल्नुभयो ?
- बदल्नुभएन ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेक थिएनन् तर पनि अझै किन परमेश्वरले उद्धारकर्ता पठाउन चाहिरहनुभएको थियो ?

- किनभने परमेश्वर सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ ।

- किनभने परमेश्वर सबै मानिसहरूलाई मृत्यु, पाप र शैतानको शक्तिबाट बचाउन चाहनुहुन्छ ।

- किनभने परमेश्वर कोही पनि आत्मिक आगोको दहमा परून् भन्ने चाहनुहुन्न ।

- आउनुहुनेवाला उद्धारकर्ताको बारेमा परमेश्वरले कस मार्फत सन्देश पठाउनुभयो ?

- अगमवक्ताहरूमार्फत ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत आउनुहुने उद्धारकर्ताको बारेमा कहाँ भन्नुभएको छ ?
- परमेश्वरको पुस्तक बाइबलमा ।

- परमेश्वरले उद्धारकर्तालाई पठाउनुभन्दा पहिले उद्धारकर्तालाई के हुनेछ भनेर उहाँले तय गर्नुभयो ।

- आफूले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले के भन्नुभयो ?

आउनुस् यशैया ९:७क पद पढौं ।

[7]उहाँको राज्यमा शक्ति र शान्ति रहनेछ। दाऊद परिवारको यस राजा सदा अभिवृद्धि भइरहनेछ।

- परमेश्वरले उद्धारकर्ता दाऊदको वंशबाट आउनुहुनेछ र सधैंभरिको लागि राजा हुनुहुनेछ भन्नुभयो ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ७:१४ पद पढौं ।

[14]तब परमप्रभुले इस्राएलको टाउको र पुच्छर काटी फालिदिनु हुनेछ। परमप्रभुले मुख्य फेद र हाँगाहरू काटेर फालिदिनु हुनेछ।

- परमेश्वरले उद्धारकर्ता न त मानव पिता न त मानव माताबाट जन्मिनुहुनेछ तर उहाँ कुमारीबाट जन्मिनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् मीका ५:२ पद पढौं ।

[2]तर हे बेतलेहम एप्रात, तिमी यहूदाका बीचमा धैरै सानो छौ,
तिमी जो यहूदाका हजारौंका बीचमा सानो छौ,
तर तिमीबाट एउटा “इस्राएलको शासक” मेरो निम्ति आउँनेछ।
उहाँको सुरुवात प्राचीन कालदेखिनै छ,
धैरै-धैरै अघि देखि।

- परमेश्वरले उद्धारकर्ता बेथलेहम शहरमा जन्मिनुहुनेछ भन्नुभयो ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् होशे ११:१ पद पढौं ।

परमप्रभुले भन्नुभयो, “जब इस्राएल बालक थियो मैले त्यसलाई प्रेम गरें। तब मैले आफ्नो छोरालाई मिश्रदेशबाट बोलाएँ।

- परमेश्वरले भन्नुभयो उहाँले उद्धारकर्तालाई इजिप्टबाट बोलाउनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ११:२ पद पढौं ।

[2]परमप्रभुको आत्मा त्यस बालकमा रहनेछ। त्यस आत्माले बालकलाई ज्ञान, बुद्धि, मार्गदर्शन र शक्ति प्रदान गर्नेछ। अनि त्यस आत्माले परमप्रभुको बारेमा बुझ्नु र आदर गर्न सिकाउँछ।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता परमेश्वर र पवित्रा आत्माको अगुवाइमा रहनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५३:४-५ पद पढौं ।

[4]तर उसले हाम्रा कष्टहरू आफ्नै ठान्यो। उसले हाम्रा यातनाहरूको भारी उठायो अनि हामीले सोच्यौं उसलाई परमेश्वरले दण्ड दिनुभयो। हामीले सोच्यौ उसले गरेको दुष्टकर्मको लागि परमेश्वरले दण्ड दिनुभयो। [5]तर हामीले गरेको भूल कामहरूका लागि उसलाई पीडा सहन बाध्य गराइयो। उसलाई हाम्रो दोषकोलागि श्राप दिइयो। हाम्रो ऋणको निम्ति उसलाई सजाय दिइयो। उसको पीडाले नै हामीलाई क्षमा गरियो।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ताले मानिसहरूबाट सतावट भोग्नुपर्नेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह ४१:९ पद पढौं ।

मेरो प्रिय साथीले मसँगै खायो, जसलाई म भरोसा गर्थें।
तर अहिले, ऊ मेरो बिरोधी भएकोछ।

- परमेश्वरले भन्नुभयो उद्धारकर्तालाई उहाँको साथीले धोका दिनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् जकारिया ११:१२-१३ पद पढौं ।

[12] तब मैले तिनीहरूलाई भनें, “यदि तिमी ज्याला दिन चाहन्छौ भने देऊ। यदि चाहँदैनौ भने नदेऊ!” यसैले मलाई उनले तीसवटा चाँदीका टुक्रा दिए। [13] त्यसपछि परमप्रभुले मलाई भन्नु भयो, “त्यसलाई कोष-भण्डारमा फ्याँकिदेऊ। तिनीहरूले सोच्छन कि त्यो महत्वपूर्ण रकमको लागि म योग्यको छु। त्यो पैसालाई परमप्रभुको मन्दिरको भण्डारमा हालिदेऊ।” यसकारण चाँदीको तीसवटा टुक्रालाई परमप्रभुको मन्दिरको भण्डारमा हालिदिएँ।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता चाँदीका ३० सिक्कामा बेचिनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

भजनसङ्ग्रह २७:२ पद पढौं ।

दुष्ट मानिसहरूले मलाई आक्रमण गर्न सक्छन्।
तिनीहरूले मलाई तरवारले काट्न सक्छन्।
मेरा शत्रुहरूले मलाई आक्रमण गर्न सक्छन्,
अनि मलाई ध्वंश पार्ने प्रयास गर्न सक्छन्।

- परमेश्वरले भन्नुभयो उद्धारकर्तालाई झूठो आरोप लगाइनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५०:६ पद पढौं

[6] मलाई कुट्न ती मानिसहरू छाडी दिन्छु। उनीहरूलाई मेरो बारीबाट केरा उखेल्न छाडी दिन्छु। पीर पर्ने कुराहरू भने पनि, मेरो अनुहारमा थुके पनि म उनीहरूबाट अनुहार लुकाउने छैन।

- परमेश्वरले भन्नुभयो उद्धारकर्तालाई पिटिने छ र थुकिनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५३:७ पद पढौं ।

[7] उसलाई चोट पुर्याएर दण्ड दिइयो। तर उसले कहिल्यै विरोध गरेन्। मार्नलाई लगेको भेंडा जस्तै उसले केही पनि भनेन। ऊ ऊन काट्दा पनि चुपचाप रहने भेंडाको पाठो जस्तो भयो। उसले आफ्नै बचाउको लागि कहिल्यै मुख खोलेन।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ताले उहाँमाथि आरोपहरू लगाइँदा केही बोल्नुहुनेछैन ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५३:३ पद पढौं ।

3 मानिसहरूले उसलाई हाँसोको पात्र बनाए अनि आफ्नो साथीहरूले उसलाई छाडिदिए। ऊ पीडा नै पीडाले भरिएको मानिस थियो। ऊ राम्रो प्रकारले निको हुनेछ भनेर जान्दथे। मानिसहरूले उसलाई हेर्न दिएनन्। हामीले उसलाई ध्यानै दिएनौं।

- परमेश्वरले भन्नुभयो मानिसहरूले उद्धारकर्तालाई इन्कार गर्नेछन् ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह ६९:४ पद पढौं ।

मेरा शिरका केशहरू भन्दा धेरै शत्रुहरू छन्।
कारणनै बिना तिनीहरू मलाई हेला गर्छन्।
तिनीहरूले मलाई विध्वंश पार्ने पूरा चेष्टा गरे।
मेरो विषयमा तिनीहरू झूटो कुराहरू गर्छन्,
तिनीहरू झूटा छन् र मैले सामानहरू चोरें भन्छन्।
तिनीहरूले मलाई जबर्जस्ती नचोरेका चीजहरूको मूल्य तिर्न लगाउँदछन्।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता बिना कुनै कारण हिर्काइनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह २२:१६ पद पढौं ।

ती “कुकुरहरू” मेरो वरिपरि छन्।
ती दुष्टहरूको समुहले मलाई पासोमा पारेका छन्।
तिनीहरूले मेरा खुट्टा र हातहरू चिथोरेका छन्।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ताका हात खुट्टा छेडिनेछन् ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह २२:१८ पद पढौं ।

ती मानिसहरूले मेरो लुगाहरू बाँडिरहेका छन्।
तिनीहरूले मेरो पोशाकहरूको निम्ति चिठ्ठा उडाइरहेका छन् ।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ताको लुगा पाउनको निम्ति मानिहरूले चिठ्ठा हाल्नेछन् ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह २२:६-७ पद पढौं ।

6 यसकारण के म कीरा हुँ मानिस होइन?
मानिसहरू मबाट लज्जित छन्।
तिनीहरूले मलाई निन्दा गर्छन्।
7 प्रत्येक जसले मलाई हेर्छ मेरो खिसी गर्छ।
उसले आफ्नो टाउको हल्लाउँछ र मलाई जिब्रो देखाउँछ।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ताको मजाक उडाइनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५३:१२ पद पढौं ।

12 यसकारण मैले उसलाई मेरो मानिसहरू मध्ये पुरस्कार दिएँ। उसले ती सबै चीजहरू बलिया मानिसहरूसँग बाँड्नेछ। म उसैको लागि यो कुरा गरिरहेछु किनभने उसले मानिसहरूको लागि आफ्नो जीवन अर्पण गर्यो अनि मर्यो। मानिसहरूले भने ऊ एक अपराधी थियो। तर वास्तवमा के थियो भने उसले अन्य सबैका पापहरू स्वयंले बोक्यो। अनि जोसँग पापहरू छन् ती मानिसहरूकै लागि बोल्यो।"

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता दुष्ट मानिसहरूसँगै मर्नुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् यशैया ५३:९ पद पढौं ।

9 ऊ मर्यो र उसलाई धनीहरूको चिहानसँगै गाडियो। उसलाई दुष्ट मानिसहरूसँग गाडियो। उसले केही नराम्रो काम गरेन। उसले कहिल्यै झूटो बोलेन तर यस्ता दुर्घटनाहरू उमाथि भए।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता धनीहरूको माझमा गाडिनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह १६:१० पद पढौं ।

किनभने परमप्रभु, तपाईंले मलाई चिहानमा छोड्नु हुनेछैन।
तपाईंले आफ्नो आज्ञाकारी भक्तजनलाई चिहानमा त्यसै कुहुन दिनुहुने छैन।

- परमेश्वरले भन्नुभयो उद्धारकर्ता मरेकाहरूबा जीवित हुनुहुनेछ ।

- उहाँले पठाउन गइरहनुभएको उद्धारकर्ताको बारेमा परमेश्वरले थप के कुरा भन्नुभयो ?

आउनुस् भजनसङ्ग्रह ६८:१८ पद पढौं ।

उहाँ उच्च पर्वत माथि-माथि जानु भयो। ती मानिसहरूसित जो उहाँका विरूद्ध भए कैदीहरूको लहरलाई पथ-निर्देश गर्दै पुरूषहरूबाट उपहार लिनलाई, परमप्रभु परमेश्वर त्यहाँ रहनलाई जानु भयो।

- परमेश्वरले भन्नुभयो उद्धारकर्त स्वर्गमा फर्किजानुहुनेछ ।

- परमेश्वरले उद्धारकर्ता पठाउनुभन्दा पहिले उद्धारकर्तालाई हुने सबै कुरा तय गर्नुभएको थियो ।

- परमेश्वरले पठाउन गइरहुनुभएको उद्धारकर्ताकव बारेमा परमेश्वरका अगमवक्ताहरूले भने ।

- परमेश्वरका अगमवक्ताहरूलाई इज्रेलीहरूलाई पापको मार्ग त्यागेर परमेश्वरको मार्गमा आउन पनि आह्वान गरे ।

- के धैरैजसो इज्रेलीहरूले परमेश्वरका अगमवक्ताले भनेको कुरा माने ?
- मानेनन् ।

- परमेश्वरका अगमवक्ताहरूलाई इज्रेलीहरूले के गरे ?
- तिनीहरूले अगमवक्ताहरूलाई मारे ।

- परमेश्वरका अगमवक्ताहरूलाई इज्रेलीहरूले किन मारे ?
- किनभने परमेश्वरका अगमवक्ताहरूले इज्रेलीहरूलाई पापको बाटो त्यागेर परमेश्वरको बाटोमा आउन आह्वान गरे ।

- किनभने परमेश्वरका अगुवाहरूले इज्रेलीहरूलाई परमेश्वरले तिनीहरूको पापको ज्याला मृत्यु दिनुहुन्छ भने ।

- किनभने इज्रेलीहरूले पापलाई प्रेम गरे र परमेश्वरले भनेको मान्न चाहेनन् ।

- परमेश्वरका अगमवक्ताका कुरा सुन्नुभन्दा पनि इज्रेलीहरूले कसका कुरा सुने ?

- झूठा अगमवक्ताहरूका ।

- झूठा अगमवक्ताहरूले तिनीहरू परमेश्वरका अगमवक्ता हुन् भने तर तिनीहरू शैतानका अगमवक्ता थिए ।

- झूठा अगमवक्ताहरूले तिनीहरूका पापको परमेश्वरले दण्ड दिनुहुनेछैन भनिरहेका थिए ।

- झूठा अगमवक्ताहरूले तिनीहरूले परमेश्वरको सत्य बोलिरहका छौँ भने तर तिनीहरूले के भनिरहेका थिए ?
- शैतानको झूठ ।

- झूठा अगमवक्ताहरूमार्फत को बोलिरहेको थियो ?
- शैतान ।

- शैतानले आज पनि के मानिसहरूद्वारा उसको झूठ जारी राखेको छ ?
- छ ।

- शैतान मानिसहरूद्वारा परमेश्वरलाई नपछ्याउन भन्छ ।

- शैतान मानिसहरूद्वारा पुर्खाहरूको पदचाप पछ्याउन भन्छ ।

- शैतान मानिसहरूद्वारा परमेश्वरको वचन नसुन्न भन्छ ।

- शैतान मानिसहरूद्वारा परमेश्वरको वचन सत्य होइन भन्छ ।

- शैतान मानिसहरूद्वारा परमेश्वरले पापको दण्ड दिनुहुन्न भन्छ ।

- यद्यपि इज्रेलीहरूले आफूले बनाएका मूर्तिहरू पूजिरहे के तिनीहरूले मन्दिमा गएर परमेश्वरको पनि आराधना गर्थे ?
- गर्थे ।

- के आफूले बनाएका मूर्तिहरूको पूजा गर्ने इज्रेलीहरूले मन्दिरमा गएर गरेको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्थ्यो ?

- गर्नुहुन्नथ्यो ।

- परमेश्वरले किन आफूले बनाएका मूर्तिहरूको पूजा गर्ने इज्रेलीहरूले मन्दिरमा गएर गरेको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्नथ्यो ?
- किनभने परमेश्वरलाई तिनीहरूले केवल तिनीहरूका ओठले मात्रै उहाँको भक्ति गरिरहेका छन् भन्ने थाहा थियो ।

- किनभने परमेश्वरलाई तिनीहरू तिनीहरूका हृदयमा भएको मूर्तिलाई पूजिरहेका छन् भन्ने थाहा थियो ।

- हाम्रो हृदयको बारेमा सबै कुरा कसलाई थाहा छ ?
- परमेश्वरलाई ।

- परमेश्वर हाम्रो सबै हृदय देख्न सक्नुहुन्छ ।

- परमेश्वर हामीले उहाँको आराधना ओठले गरिरहेका छौं वा हृदयले भन्ने कुरा देख्न सक्नुहुन्छ ।

- हाम्रो हृदयको बारेमा परमेश्वरले के भन्नुहुन्छ ?

- परमेश्वर हाम्रो हृदय पापले भरिएको छ भन्नुहुन्छ ।

- यद्यपि त्यहाँ धेरैजसो इज्रेलीहरूले मूर्तिपूजा गरिरहेका थिए तिनीहरूमध्ये कोही जो परमेश्वरको मात्रै आराधना गर्नेहरू पनि थिए ?

- थिए ।

- तिनीहरू थोरै थिए ।

- जसले परमेश्वरको मात्रै आराधना गरिरहेका थिए ती इज्रेलीहरूले कसको प्रतीक्षा गरिरहेका थिए ?

- तिनीहरू परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेका थिए ।